Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा शाखा
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फयाक्स नं. ०६६-५२०२०४
फोन नं. ०६६-५२०१५०

प.नं. ०७५/७६
च.नं. १२३८

मिति : २०७५/१०/७

श्री नगरपालिका स्थित संपूर्ण सामुदायिक विद्यालयहरु
वेसीशहर नगरपालिका ,लमजुङ ।

विषयः विवरण पेश गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा आ.व.२०७५/०७६ को लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठीमीबाट यस वेसीशहर नगरपालिका शिक्षा शाखामा बहु कक्षा बहु स्तर/बहु भाषिक कक्षा संचालन भएका प्राथमिक विद्यालय र अति सिमान्तकृत समूहमा (चेपाङ,माझी,वोटे)पर्ने प्राथमिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको लागि दिवा खाजा अनुदान कार्यक्रमहरु प्राप्त भएको हुँदा तपसिल वमोजिमको कागजात सहित प्रकृया पुरा गरी मिति २०७५ माघ मसान्त भित्र यस नगरपालिकाको शिक्षा शाखामा निवेदन पेश गर्नु हुन जानकारीको लागि अनुरोध छ ।

तपसिलः

१. बहु कक्षा बहु स्तर/बहु भाषिक कक्षा संचालन भएका कक्षा १- ५ संचालन भएको विद्यालयको हकमा :
क) विद्यालयमा कार्यरत शिक्षक दरवन्दी र तिनको विवरण ।
ख) विद्यालयले पठनपाठन गर्न वनाएको शैक्षिक योजना ।
ग) विद्यालयको विषयगत सिकाई उपलब्धि विवरण ।
घ) विद्यालयको शैक्षिक सत्र २०७५ को विद्यार्थी विवरण ।
ङ) वढीमा रु. ५०,०००।० सम्मको वजेट व्यवस्थापनको कार्य योजना सहित वि.व्य.स.को निर्णयको प्रतिलिपी ।
२. अति सिमान्तकृत समूहका विद्यार्थी अध्ययन गर्ने कक्षा १- ५ संचालन भएका विद्यालयहरुको हकमाः
क) त्यस विद्यालयमा पढने माझी,चेपाङ र वोटे समुदायका बालबालिकाहरुको संख्या ।
ख) ती बालबालिकालाई विद्यालय ल्याउन विद्यालयले गरेका प्रयासको बैठकको निर्णयको प्रतिलिपी ।
ग) ती बालबालिकाको भर्ना वृद्धि गर्न विद्यालयले गर्ने थप प्रयासहरुको विवरण ।

Govindaraj Pokhrel
गोविन्द राज पोखेल
Asst.Chief Administrative Officer
उपसचिव

नोटः सूचनाको लागि वेसीशहर नगरपालिकाको वेव साइटमा समेत हेर्नु हुन अनुरोध छ ।